॥ श्रीः ॥

# नेपाल अन्तरीम शासन विधान

श्री कानून मन्त्रालय

गोरखापत्र छापाखानामा छापिएको
संवत् २०११ साल

—०—

( नेपाल अन्तरीम शासन विधान, तेस्रो संशोधन, २०१० को दफा १५ बमोजिम मिलाई प्रकाशित गरिएको )

# नेपाल अन्तरीम शासन विधान

[redacted]

## प्रस्तावना

श्री ५ महाराजाधिराजबाट संवत् २००७ साल फाल्गुन ७ गतेको घोषणाद्वारा अबदेखि हाम्रा प्रजाको शासन उनीहरुले आफैंले रोजेको विधान परिषद्ले बनाएको प्रजातन्त्रात्मक विधानअनुसार हुनुपर्छ भन्ने इच्छा र दृढ संकल्प प्रकट गरिबक्सेको—

र उक्त विधान तयार नभएसम्म मौसूफलाई शासन काममा सहायता र सल्लाह दिन एक मन्त्रिमण्डल स्थापित हुनुपर्छ भन्ने इच्छा र दृढ संकल्प त्यही घोषणाद्वारा प्रकट गरिबक्सेको—

र उपर्युक्त घोषणाद्वारा मौसूफका कार्यसम्पादन गर्नामा मौसूफलाई सहायता र सल्लाह दिन एक मन्त्रिमण्डल निर्मित तथा नियुक्त गरिबक्सेको—

र यस अन्तरकालीन समयमा अन्तरिम सरकारले एक कुनै विधान र निश्चित नियम र सिद्धान्तबमोजिम काम गर्नुपर्ने आवश्यकसमेत हुनाले—

श्री ५ महाराजाधिराजबाट आफ्ना मन्त्रिमण्डलको सल्लाहअनुसार निम्नलिखित ऐन मञ्जूर गरी जारी गरिबक्सेको छ ।

## भाग १

१. संक्षिप्त शीर्षक र प्रारम्भः—(१) यस ऐनको नाम—'नेपाल अन्तरीम शासन विधान, २००७' भन्ने रहेको छ ।

(२) यो ऐन तुरुन्तै लागू हुनेछ ।*

२. व्याख्याः— यस ऐनको व्याख्यामा नेपाल कानून व्याख्या संबन्धी ऐन प्रयोग गरिनेछ ।

## भाग २

## राज्यनीतिका निर्देशक सिद्धान्तहरू

३. यस परिच्छेदमा लेखिएका कुराहरू लागू हुनेबारे:— (१) यस परिच्छेदका कुराहरूलाई नेपालको कुनै अदालतद्वारा लागू गरिनेछैन तथा यो ऐन चालू हुनुअघावै वा चालू भएपछि बनेको कुनै नेपाल कानून वा सो कानून-अन्तर्गत बनेको नियम वा आदेश भए परिच्छेदका कुराहरूसँग केवल बाझिन्छ भन्दैमा अमान्य ठहरिनेछैन ।

(२) यस परिच्छेदका कुराहरूमा उल्लेख गरिएका सिद्धान्तहरूलाई उपदफा (१) मा लेखिएका कुनै कुराको अधीनमा रही सरकारले मुलुकको शासनमा मूलभूत

---

*२००७ साल चैत्र २९ गते

सिद्धान्त भनी मानिनेछ। प्रचलित नेपाल कानूनलाई सकभर छाँडेर अब उप्रान्त बनाइने कानूनसमेत यी सिद्धान्तमा ढाल्ने सरकारको कर्तव्य हुनेछ।

४. <u>सामाजिक व्यवस्थाः</u>— सरकारले सकेसम्म प्रभावपूर्णरूपले राष्ट्रिय जीवनका संस्थाहरूमा सामाजिक, आर्थिक र राजनैतिक न्यायपूर्ण भएको सामाजिक व्यवस्था स्थापना र सुरक्षा गरी जनताको कल्याण बढाउने कोशिस गर्नेछ।

५. <u>नागरिकहरूको सामाजिक व्यवस्थाः</u>— सरकारी नीतिको लक्ष्य विशेष गरी निम्नलिखित हुनेछैं।

(क) जीवन निर्वाह गर्न चाहिने पर्याप्त साधनमा नरनारी सबै नागरिकको समान हक गर्नें।

(ख) समुदायको भौतिक सम्पत्तिको प्रभुत्व र नियन्त्रण सार्वजनिक हित-साधनमा सर्वोत्तम सहायक हुने गरी वितरण गर्नें।

(ग) जनतालाई हानि हुने गरी धन र उत्पादनका साधनको एकीयकरण हुन नपाउने तवरले आर्थिक व्यवस्था चलाउने।

(घ) स्त्री पुरुष दुवैलाई समान कामको लागि समान तलब दिलाउने।

(ङ) मजदूर स्त्री पुरुषको स्वास्थ्य र बल तथा केटाकेटीहरूको कलिलो उमेरको दुरुपयोग हुन नदिने र नागरिकहरूलाई आर्थिक परिस्थितिले निजहरूको उमेर वा बललाई नसुहाउने रोजगार गर्न बाध्य गर्न नदिने।

(च) स्वार्थ–साधन तथा, नैतिक र आर्थिक पतनबाट बाल्यावस्था र युवावस्था सुरक्षित राख्ने।

६. <u>ग्राम पंचायतः</u>— सरकारले ग्राम पञ्चायतहरू खडा गरी तिनीहरूलाई स्वायत्त शासन संस्थाको रूपमा काम गर्न आवश्यक अधिकार दिनेछ।

७. बेकार, वृद्ध बिरामी इत्यादिः— सरकारले देशको आर्थिक अवस्था र विकासको दिएसम्म काम पाउने हक, शिक्षा पाउने हक तथा बेकार, वृद्ध बेरामी अंगहीन र अरू यस्तै अभावावस्थामा सहायता पाउने हक दिलाउन आवश्यक प्रबन्ध गर्नेछ।

८. कार्य–व्यवस्था र प्रसूति–सहायताः— सरकारले न्यायोचित र मानवोचित कार्यावस्था स्थापित गर्ने र प्रसूति–सहायताको निमित्त प्रबन्ध गर्नेछ।

९. जीवन निर्वाहलाई पुग्ने तलब, र जीवनको बढिया स्तर ई०ः—उचित ऐन वा आर्थिक संगठनद्वारा वा अरू कुनै तरीकाबाट सरकारले कृषि, औद्योगिक वा अरू सर्व प्रकारका श्रमजीवीहरूलाई काम, जीवन–निर्वाहलाई पुग्ने तलब र जीवनको बढिया स्तर, फुर्सत तथा सामाजिक र सांस्कृतिक अवसरको पूर्ण उपभोग गर्न पाउने कार्यावस्था दिलाउन प्रयत्न गर्नेछ। खास गरी गाउँ गाउँको घरेलु उद्योग धन्दालाई व्यक्तिगत वा सहयोगात्मक आधारमा उन्नति गर्ने कोशिस गर्नेछ

१०. देवानी ऐनः— सरकारले नेपाल भरमुलुकका नागरिकहरूको निमित्त एकै-नासको देवानी ऐन जारी गर्ने प्रयत्न गर्नेछ।

११. निबल वर्गः— सरकारले विशेष ध्यान दिएर निर्बलवर्गका लागि शिक्षा र आर्थिक हित बढाउनेछ र उनीहरूलाई सामाजिक अन्याय र सब किसिमको शोषणबाट रक्षा गर्नेछ।

१२. स्मारकहरूको सुरक्षाः—कलात्मक वा ऐतिहासिक महत्वपूर्ण हरेक स्मारक वा स्थान वा वस्तुको चोरी गर्न, नाशिन, विरूप गर्न, सार्न, बिक्री वा निकाशी गर्न इत्यादि जुनसुकैबाट बचाउ गर्नु सरकारको कर्तव्य हुनेछ।

१३. अन्तरराष्ट्रीय सम्बन्धः— सरकारले निम्नलिखित काम गर्ने प्रयत्न गर्नेछ।

(क) अन्तरराष्ट्रीय शान्ति र सुरक्षा बढाउन,

(ख) राष्ट्रहरूका बीच न्याय र सम्मानपूर्ण सम्बन्ध कायम गर्ने।

(ग) संगठित राष्ट्रहरूको (अन्य राज्यको) परस्पर सम्बन्धमा अन्तरराष्ट्रीय नियम र संधिबन्धन प्रति आदर बढाउने।

(घ) अन्तर्राष्ट्रिय झगडा मध्यस्थद्वारा निर्णय गराउन प्रोत्साहन दिने।

१४. ऐनको अगाडि समानता:— नेपाल राज्यभित्र ऐनको अगाडि सबैको समानता अथवा ऐनबाट हुने समान रक्षा जुनसुकै व्यक्तिलाई पनि इन्कार गरिनेछैन।

१५. धर्म, जाति, जात, लिङ्गको आधारमा भेदभाव:— (१) सरकारले धर्म, जाति, जात (वर्ण) लिंग जन्मस्थान वा यस्ता कुनै विषयको आधारमा कुनै नागरिकलाई भेदभाव गर्नेछैन।

(२) तर सरकारले स्त्री जाति वा बालकवर्गको निमित्त कुनै खास व्यवस्था गर्न सक्नेछ।

१६. समान अवसर:—(१) जुनसुकै सरकारी पदमा काम लाउने वा नियुक्त गर्ने सम्बन्धमा सबै नागरिकहरूले समान अवसर पाउनेछन्।

(२) तर कुनै अनुन्नत नागरिकवर्गले सरकारी नोकरीमा पर्याप्त स्थान पाएको छैन भन्ने राज्यको सम्मति भएमा तिनीहरूको निमित्त केही पद छुट्याई राख्ने प्रबन्ध राज्यले गर्न सक्नेछ।

(३) यो धारामा लेखिएका कुनै कुराले पनि कुनै धार्मिक वा साम्प्रदायिक संस्थाको कार्यसम्बन्धी कर्मचारी अथवा त्यस सम्बन्धी शासक समितिको सदस्यमा कुनै खास धर्म सम्प्रदायका मानिस हुनुपर्छ भन्ने नियम भएकोमा सोबमोजिम गर्न वा गराउन बाधा अड्काउ दिनेछैन।

१७. कानूनको मूल सिद्धान्त:— (१) कुनै कर कानूनको अख्तियार बिना लगाइने वा असूल गरिनेछैन।

(२) प्रचलित कानूनका अधीनमा रही सबै नागरिकहरूलाई:—

(क) वाक् र प्रकाशन स्वतन्त्रताको।

(ख) शान्तिपूर्वक र बिना हतियार सम्मेलन सभा गर्ने।

(ग) संस्था तथा संघ खडा गर्ने।

(घ) नेपाल राज्यभर बिना रोक टोक मुसाफिर गर्ने।

(ङ) नेपालको जुनसुकै भागमा पनि निवास गर्ने र घरजम गर्ने।

(च) सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेच बिखन गर्ने।

(छ) कुनै पेशा, राजगार, उद्योग वा व्यापार गर्ने अधिकार हुनेछ।

१८ कानूनी राजः— सरकारले निश्चय दिलाउने व्यवस्थाः—

(१) कुनै व्यक्तिलाई पनि त्यस समयमा जारी रहेको कुनै ऐन विरुद्ध केही काम गरेमा बाहेक कुनै अपराधको दोषी ठहराइनेछैन र अपराध गर्दा जारी रहेको ऐनले तोकेको भन्दा बढी दण्ड सजाय दिइनेछैन।

(२) कुनै व्यक्तिउपर त्यसै अपराधमा एक पटकभन्दा बढ्ता मुकद्दमा चलाइने र दण्ड सजाय गरिनेछैन।

(३) कुनै अपराधको बात लागेको मानिसलाई आफ्नो विरुद्ध साक्षी हुन कर लाग्नेछैन।

१९. व्यक्तिगत स्वतन्त्रताः— सार्वजनिक हितको निमित्त वा सार्वजनिक शान्ति कायम राख्नाको निमित्त वा राज्यको सुरक्षाको निमित्त सरकारले बनाएको ऐन वा नियमले स्थापित गरेको रीतबमोजिम बाहेक कुनै व्यक्तिको पनि ज्यान वा व्यक्तिगत स्वतन्त्रता हरिनेछैन।

२०. मानिसको बेचबिखन र बेठ बेगारः—(१) मानिसको बेचबिखन र बेठ बेगार तथा यस्तै प्रकारका अरू जबर्जस्ती काम गराउन मनाही गरिएको छ। कसैले यसको बर्खिलाप गरेको ठहरिए ऐनबमोजिम सजाय हुनेछ।

(२) यस धारामा उल्लेख गरिएका कुराहरूले रोक प्रयोजनको निमित्त काम अनिवार्य गर्नमा राज्यलाई बाधा अड्काउ हुनछैन। यसो गर्दा धर्म, जाति, जात, (वर्ण) वा वर्ग इत्यादि कुनै कुराको कारणबाट बेदमाव गरिनेछैन।

२१. <u>बालकहरू:—</u> १४ वर्षभन्दा कम उमेरका कुनै बालकलाई पनि कुनै कारखाना वा खानीको काममा लाउन वा अरू कुनै जोखिमी काममा भर्ना गर्न हुँदैन।

## भाग ३

## परिच्छेद १—कार्यकारिणी अधिकार

२२. <u>श्री ५ महाराजाधिराज, मन्त्रीहरू तथा अन्य कर्मचारीहरूद्वारा प्रयोग हुन सकिने कार्य कारिणी अधिकार:—</u> (१) श्री ५ महाराजाधिराजमा रहेको राज्यको कार्यकारिणी अधिकारबमोजिमको काम मौसूफले स्वयम् वा मन्त्रीहरूद्वारा वा मौसूफका मातहतका अन्यकर्मचारीद्वारा गर्न सकिबक्सिनेछ।

ती श्री ५ महाराजाधिराजका मातहतका अधिकारि—वर्गलाई अख्तियार एवं कार्यभार प्रदान गर्ने कुनै नेपाल कानूनको मान्यता तथा गतिशीलतामा यस दफामा लेखिएका कुनै कुराले बाधा पुऱ्याएको अर्थ लगाइनेछैन।

(२) माथि दफा दफामा उल्लेख गरिएका कुराहरूलाई बाधा नपर्ने गरी नेपालको जङ्गी फौजको सर्वोच्च कम्याण्डर इनचीफको पद श्री ५ महाराजाधिराजमा व्यवस्थित रहेको छ।

२३. <u>माफी प्रदान गर्ने अख्तियार:—</u> (१) नेपालको जुनसुकै अदालत वा सेना-न्यायालयले जुनसुकै अपराधको दोषी ठहराएको जुनसुकै व्यक्तिलाई दण्ड सजाय माफी गर्ने, विलम्ब गर्ने, घटाउने वा बदल्ने वा मुलतवी राख्ने अख्तियार सरकारलाई हुनेछ।

(२) उपदफा (१) मा उल्लेख गरिएका कुराहरूले नेपालको सशस्त्र सेनाको जुनसुकै अफिसरलाई ऐनले दिएको, सेना—न्यायालयले गरेको दण्डादेश मुलतवी राख्ने, माफी दिने वा बदल्ने अधिकारमा खलल गर्नेछैन।

## मन्त्रिमण्डल

२४. मन्त्रिमण्डलः— (१) श्री ५ महाराजाधिराजको शासनसम्बन्धी गर्नुपर्ने कार्य सम्पादनमा सहायता सल्लाह दिन एक मन्त्रिमण्डल रहने छ. जसमा प्रधान मन्त्री मुख्य हुनेछन् ।

(२) मन्त्रीहरूले श्री ५ महाराजाधिराजलाई कुनै सल्लाह दिएको छ छैन र दिएको भए के सल्लाह दिए भन्ने कुरा कुनै अदालतमा पनि सोधिनेछैन।

२५. मन्त्रीहरूको नियुक्ति र अवधिः— (१) प्रधान मन्त्रीको नियुक्ति श्री ५ महाराजाधिराजबाट गरिबक्सिनेछ, तथा अन्य मन्त्रीहरूको नियुक्ति श्री ५ महाराजाधिराजबाट प्रधानमन्त्रीका सल्लाह लिएर गरिबक्सिनेछ ।

(२) मन्त्रीहरू श्री ५ महाराजाधिराजका इच्छाअनुसार आफ्ना पदमा बहाल रहनेछन् ।

(३) श्री ५ महाराजाधिराजका दिएको सल्लाहका लागि मन्त्रिमण्डल सामूहिक रूपले मौसूफ प्रति उत्तरदायी हुनेछ ।

२६. कार्यकारिणी सम्बन्धी गैन्ह काम सरकारको नाममा गरिने:— (१) नेपाल सरकारको कार्यकारिणी सम्बन्धी गैन्ह काम सरकारको नाममा गरिनेछ

(२) सरकारको नाममा तयार भई कार्यान्वित गरिएका आडर उर्दीहरू र अरू अधिकारपत्र (सवाल सनद) हरू सरकारबाट बनाइने नियमबमोजिम प्रमाणित गरिनेछ र यसरी प्रमाणित गरिएको आडर उर्दी वा अधिकारपत्र उचित हो होइन भन्ने कुरामा सरकारले कार्यान्वित गरेको वा तयार गराएको आदेश वा अधिकारपत्र यो होइन भनी सवाल जवाफ गरिनेछैन ।

(३) नियमहरू बनाउने अधिकारः— नेपाल सरकारको काम कारवाई अधिक सुगमतासाथ चलाउन र सो काम मन्त्रिहरूमा बाँड्न निमित्त सरकारबाट नियम र आदेश बनाइनेछ ।

२७. प्रधान मन्त्रीको कर्तव्यः—

(क) नेपालको शासनसम्बन्धी विषयहरूमा मन्त्रिमण्डलले गरेको निर्णयहरू सबै श्री ५ महाराजाधिराजलेड जाहेर गर्ने।

(ख) नेपालका शासनसम्बन्धी विषयहरूमा श्री ५ महाराजाधिराजबाट मागिबक्सेको हाल खबर मौसूफमा पेश गर्ने।

(ग) एक मन्त्रीले निर्णय गरिसकेको तर मन्त्रिमण्डलले विचार नगरेको कुनै विषय श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलमा विचार गराउन चाहिबक्सेमा सो मन्त्रिमण्डलमा पेश गर्ने।

## आर्थिक विषयको कार्य प्रणाली

२८. वार्षिक आर्थिक विवरण [ बजेट ]:— सरकारबाट हरेक आर्थिक वर्षको लागि नेपाल सरकारको अनुमान गरिएको आम्दानी खर्चको एक विवरण तयार गराउनेछ। यो विवरणलाई 'वार्षिक आर्थिक विवरण' वा 'बजेट' भनिनेछ।

२९. वार्षिक आर्थिक विवरण पास गर्ने:— वार्षिक आर्थिक विवरण वा बजेट सल्लाहकार सभाको समक्ष राखिनेछ र सभालाई सो आर्थिक विवरण वा बजेटमाथि छलफल गर्ने अथवा मत दिने अधिकार रहनेछ।

परन्तु, श्री ५ महाराजाधिराजको व्यक्तिगत कोष अथवा त्यससँग सम्बन्धित विषयहरू माथि सभाले छलफल गर्न सक्नेछैन।

र दफा ५६, ५७ तथा ५८ का नियमहरू, यस दफाका अधीन कुराहरूमाथि पनि लागू हुनेछन्।

## परिच्छेद—२ व्यवस्थापिका अधिकार (ऐन बनाउने अधिकार)

३०. श्री ५ महाराजाधिराजको व्यवस्थापिका अधिकारः—जुनसुकै नेपाल कानूनमा जुनसुकै कुरा भएतापनि वा जुनसुकै अदालतको जुनसुकै फैसलामा जुनसुकै कुरा भए तापनि नेपालको शान्ति व्यवस्था तथा राम्रो शासनका लागी श्री ५ महाराजाधिराजलाई कानून बनाउने राजकीय एवं संपूर्ण अधिकार प्राप्त भै रहनेछ भन्ने कुराको शङ्का निवारणका लागि यसद्वारा घोषणा तथा पुष्ट्याईं गरिन्छ ।

३१. मन्त्रिमण्डलद्वारा प्रस्तुत गरिएको ऐनः—(१) नेपालको शान्ति व्यवस्था, तथा राम्रो शासनका लागि कानून बनाउँदा मन्त्रिमण्डलका सल्लाहअनुसार श्री ५ महाराजाधिराजबाट यस दफामा लेखिएबमोजिम गर्न सकिबक्सिनेछ ।

(२) श्री ५ महाराजाधिराजका विचारार्थ विधेयक (बिल) पेश गर्नु मन्त्रिमण्डलका लागि कानुनी हुनेछ ।

(३) उपदफा (२) अन्तर्गत पेश गरिएको कुनै विधेयकलाई श्री ५ महाराजाधिराजबाट अनुमति दिन सकिबक्सिनेछ वा अनुमति दिन अस्वीकार गर्न सकिबक्सिनेछ वा त्यस विधेयक वा त्यसका कुनै उल्लिखित कुराउपर तथा विशेषतः मौसुफद्वारा सिफारीस भएको कुनै संशोधन ल्याउने वांछनीयताउपर मन्त्रिमण्डलको पनि विचारार्थ संदेशसाथ मौसुफबाट फर्काइदिन सकिबक्सिनेछ । मन्त्रिमण्डलले पनि सोहीबमोजिम विधेयकउपर पुनर्विचार गर्नेछ ।

(४) यस किसिमले पेश गरिएको कुनै विधेयकलाई श्री ५ महाराजाधिराजबाट अनुमति बक्सेपछि सो विधेयक कानून हुनेछ तथा सोहीबमोजिम लागू हुनेछ ।

(५) परिच्छेद ४ मा लेखिएका कुराहरूका अधीनमा रही यो दफा लागू हुनेछ । तर सल्लाहकार सभाद्वारा विचार नगरिएको तथा स्वीकृत नभएको विधेयक श्री ५ महाराजाधिराजका विचारार्थ पेश भई मन्त्रिमण्डलका लागि कानूनी हुनेछः—

(I) यदि परिच्छेद ४ मा लेखिएबमोजिमको सल्लाहकार सभाको गठन भएको छैन भने, वा,

(II) यदि परिच्छेद ४ मा लेखिएबमोजिम गठन भएको सल्लाहकार सभाको अधिवेशन चालू छैन र मन्त्रिमण्डलका विचारमा विधेयकमा प्रस्तावित किसिमको कानून तुरुन्त बनाउनु सार्वजनिक हितका दृष्टिले जरुरी छ भने ।

## परिच्छेद–३ न्याय प्रबन्ध

३२. प्रधान न्यायालयः— (१) एक प्रधान न्यायलय रहनेछ ।

(२) प्रधान न्यायालयको गठन, अधिकार तथा कार्य कानूनबमोजिम तोकिनेछ ।

## परिच्छेद–४ सल्लाहकार सभा

### सामान्य

३३. गठनः— (१) नेपालमा एउटा सल्लाकार सभाको गठन हुनेछ, जसको सदस्यहरूको संख्या श्री ५ महाराजाधिराजले तोकिबक्सेबमोजिम हुनेछ र जोकि श्री ५ महाजाराधिराजद्वारा नेपालका प्रमुखिक नागरिकहरू मध्येबाट मनोनित हुनेछन् र जसमा नेपाल सरकारका सबै मन्त्री, राज्य-मन्त्री तथा उपमन्त्री पदेन सदस्य हुनेछन् ।

(२) संविधान सभाको गठन भएपछि सल्लाहकार सभाको अस्तित्व समाप्त हुनेछ ।

१४. सदस्यहरु छान्नः— सभाका गैर सरकारी सदस्यहरूमा, सकेसम्म देशको विभिन्न भाग, वर्ग, तथा विचारधाराको प्रतिनिधित्व गर्ने व्यक्तिहरु छानिनेछन् ।

१५. योग्यताः— (१) नेपालका नागरिक,

(२) २५ वर्ष पुगिसकेको, तथा

(३) तल दफा १६ मा दिएको अयोग्यता रहित,

नभइकन कुनै व्यक्ति पनि सल्लाहकार सभाको सदस्य मनोनीत हुने योग्य हुनेछैन ।

१६. अयोग्यताः— (१) देहायका व्यक्तिहरु सल्लाहकार सभाका सदस्य चुनिन अयोग्य हुनेछन्ः—

(क) नेपाल सरकारको मातहतमा कुनै लाभको पद धारण गरेका व्यक्तिहरु,

(ख) अदालतद्वारा नैतिक विकृति तथा भ्रष्टाचारको अभियोगमा दोषी साबित भएका व्यक्तिहरु ।

(ग) मगज बिग्रेका व्यक्तिहरु ।

तर, यस दफाको लागि, नेपालको मन्त्रिमण्डलको सदस्य अथवा राज्यमन्त्री अथवा उपमन्त्री भएको व्यक्तिलाई लाभको पद धारण गरेका व्यक्ति मानिनेछैन।

(२) कुनै व्यक्ति पनि शपथ ग्रहण नगरी सकेसम्म सभाको सदस्य मानिनेछैन।

१७. स्थान रिक्त गरेको:—(१) सल्लाहकार सभाको कुनै सदस्यले पनि निम्नलिखित कुनै अवस्थामा पनि आफ्नो स्थान रिक्त गरेको ठहरिनेछः—

(क) आफ्नो हस्ताक्षरमा लिखित त्यागपत्र सभाको अध्यक्षलाई पेश गरेमा, अथवा,

(ख) दफा १६ मा लेखिएको अयोग्यताको भागी हुन गएमा, अथवा,

(ग) २५ दिनको अवधिसम्म सभाको बैठकहरुमा सभाको अनुमति बिना अनुपस्थिति रहेमा,

तर, यो २५ दिनको अवधिको, मगानमा, सभाको स्थगन काल यदि लगातार ४ दिनभन्दा बढता छ भने, सम्मिलित गरिनेछैन।

(२) कुनै सदस्य, दफा ३६ मा वर्णित अयोग्यताको भागी हुन गएको छ अथवा छैन भन्ने कुनै प्रश्न उठ्यो भने सो, प्रश्न निर्णयको निमित्त श्री ५ महाराजाधिराजमा पेश गरिनेछ र मौसूफको निर्णय अन्तिम हुनेछ।

३८. <u>सदस्यहरुको तलब र भत्ताः</u>— सभाका सदस्यहरुले पाउने वेतन तथा भत्ता श्री ५ महाराजाधिराजले तोकिबक्सेबमोजिम हुनेछ

३९. यदि कुनै व्यक्ति शपथ ग्रहण गर्नुभन्दा पहिलेनै, अथवा आफू सदस्यताको निमित्त योग्य छैन अथवा अयोग्य छु भन्ने थाहा पाएर पनि सभाको बैठकमा सदस्यको हैसियतले बस्दछ अथवा मत दिन्छ भने, सो व्यक्तिलाई सभामा बसेको अथवा मत दिएको प्रत्येक दिनको मोरु १००। का दरले जरिवाना गरिनेछ। जो कि उसँग राज्यलाई देय, ऋणको रुपमा असुल गरिनेछ।

४०. सभामा कुनै स्थान रिक्त भएमा त्यसको पूर्ति गर्ने अधिकार श्री ५ महाराजाधिराजलाई रहनेछ।

## सभाका पदाधिकारीहरु

४१. <u>अध्यक्ष तथा उपाध्यक्षको चुनावः</u>— श्री ५ महाराजाधिराजले तोकिबक्सेको सदस्य अथवा व्यक्तिको सभापतित्वमा, सल्लाहकार सभाले आफ्नो अधिवेशनको प्रथम बैठकमा, दुई जना सदस्यलाई क्रमशः आफ्नो अध्यक्ष तथा उपाध्यक्ष चुन्नेछ र पछि पनि जैले जैले, अध्यक्ष अथवा उपाध्यक्षको पद रिक्त हुनेछ, कुनै अन्य सदस्यलाई, स्थितिअनुसार, अध्यक्ष

अथवा उपाध्यक्ष चुन्नेछ। अध्यक्ष र उपाध्यक्षको चुनाव सभाका, उपस्थित सदस्यहरूको बहुमतले गरिन्छ, तथा सभाका पदेन सदस्यहरू यी पदका चुनावको निमित्त उम्मेदवार खडा हुन पाउनेछैनन्।

४२. अध्यक्ष तथा उपाध्यक्षको पद रिक्त हुने:— सल्लाहकार सभाको अध्यक्ष तथा उपाध्यक्षको पद धारण गर्ने सदस्य:—

(१) यदि सल्लाहकार सभाको सदस्य रहँदैन भने, आफ्नो स्थान रिक्त गर्नेछ।

(२) आफ्नो हस्ताक्षरमा लिखित श्री ५ महाराजाधिराजलाई सम्बोधित पत्र-द्वारा पद—त्याग गर्न सक्नेछ।

(३) आफ्नो पदबाट सभामा उपस्थित सदस्यहरूको ३ खण्डमा २ खण्डको बहुमतले पास भएको प्रस्तावद्वारा, हटाइन सक्नेछ।

४३. अध्यक्ष तथा उपाध्यक्षको अनुपस्थिति (१) सभाको अध्यक्षको पद रिक्त भएमा उपाध्यक्ष तथा उपाध्यक्षको पनि स्थान रिक्त भएमा श्री ५ महाराजाधिराजले यस प्रयोजनको निमित्त खटाइबकसेको सदस्यले, त्यस पदको कर्तव्यको पालन गर्नेछ।

(२) सभाको कुनै बैठकमा, अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले तथा उपाध्यक्षको पनि अनुपस्थितिमा, कार्यावधिको नियमानुसार सभाले निर्धारित गरेको व्यक्तिले, अध्यक्षको रूपमा कार्य गर्नेछ।

४४. अध्यक्ष तथा उपाध्यक्षको मत दिने अधिकार:— सभाको अध्यक्षलाई अथवा अध्यक्षको रूपमा कार्य गरी रहेको उपाध्यक्ष अथवा अन्य कुनै व्यक्तिलाई प्रथमत मत दिने अधिकार रहनेछैन तर मत बराबर बाँडिएको स्थितिमा, आफ्नो निर्णायक मत दिने अधिकार रहनेछ।

४५. अध्यक्ष वा उपाध्यक्षलाई हटाउने प्रस्ताव विचाराधीन भएको समयमा अध्यक्ष वा उपाध्यक्षले सभामा पदासीन हुन नपाउने:— अध्यक्षलाई हटाउने

प्रस्ताव विचाराधीन भएको समयमा अध्यक्षले, तथा उपाध्यक्षलाई हटाउने प्रस्ताव विचाराधीन भएको समयमा उपाध्यक्षले, सभामा पदासीन हुन पाउने छैन ।

४६. अध्यक्ष तथा उपाध्यक्षको तलब र भत्ताः— अध्यक्ष तथा उपाध्यक्षले पाउने बेतन र भत्ता श्री ५ महाराजाधिराजले तोकीबक्सेबमोजिम हुनेछ ।

## सभाको आह्वान र अधिवेशन

४७. सभाको आव्हानः— (१) सल्लाहकारसभा प्रत्येक वर्षमा कमसेकम दुई पटक आव्हान गरिनेछ र एक अधिवेशनको अन्तिम बैठक तथा अर्को अधिवेशनको प्रथम बैठकको बीचमा ६ महिनाको काल व्यतीत हुन पाउनेछैन ।

(२) माथि उपदफा (१) को अधीन रही श्री ५ महाराजाधिराजले समय समयमाः—

(क) उपयुक्त सम्झबक्सेको स्थान र समयमा सभालाई आव्हान गर्न सकिबक्सनेछ ।

(ख) सभाको अधिवेशन भङ्ग गर्न सकिबक्सनेछ ।

४८. सभालाई श्री ५ महाराजाधिराजको सम्बोधनः— श्री ५ महाराजाधिराजले प्रत्येक अधिवेशनको प्रारम्भमा, सभालाई सम्बोधन गरिबक्सनेछ, सभाको आव्हानको कारण ज्ञात गराइबक्सनेछ ।

४९. सभालाई श्री ५ महाराजाधिराजको सन्देशः—(१) श्री ५ महाराजाधिराजले सभालाई सम्बोधन गर्न सकिबक्सनेछ र यस प्रयोजनका निमित्त सदस्यहरूको उपस्थिति चाहन सकिबक्सनेछ ।

(२) श्री ५ महाराजाधिराजले सभालाई, सभाको समक्ष प्रस्तुत विषय अथवा अन्य कुनै विषयको सम्बन्धमा सन्देश पठाउन सकिबक्सनेछ र सभाले त्यस सन्देशमा लिखित विषयमाथि सुविधानुसार यथाशीघ्र विचार गर्नेछ ।

## सभाको कार्य सञ्चालन

५०. सदस्यहरूको शपथ ग्रहण:— सभाको प्रत्येक सदस्यले आफ्नो आसन ग्रहण गर्नुभन्दा पहिले श्री ५ महाराजाधिराज अथवा मौसूफबाट त्यस कामको निमित्त नियुक्ति गरिबक्सेको व्यक्तिको समक्ष पहिले अनुसूचिमा दिइएको बेहोराअनुसार शपथ ग्रहण गर्नेछ।

५१. बहुमतको निर्णय:— (१) यस ऐनमा अन्यथा लेखिएबाहेक, सभाको बैठकमा सब प्रश्नहरूको निर्णय अध्यक्ष अथवा अध्यक्षको कार्य गरिरहेको व्यक्तिबाहेक अरू उपस्थित र मत दिने सदस्यको बहुमत द्वारा गरिनेछ।

(२) सभाको कुनै स्थान रिक्त भएकोले अथवा कुनै अनधिकृत व्यक्तिले सभामा मत दिएको अथवा कुनै अन्न प्रकारले भाग लिएको पछि थाहा पाइन भएकोले, सभाको कार्यवाही अमान्य हुनेछैन।

कोरम (आवश्यक उपस्थिति):— (३) सभाको बैठकको निमित्त सदस्यहरूको आवश्यक उपस्थिति संख्या २५ हुनेछ।

(४) सभाको बैठक कालमा सदस्यहरूको संख्या यदि आवश्यक उपस्थिति संख्या भन्दा कम हुन गयो भने, अध्यक्षले अथवा अध्यक्षको कार्य गरिरहेको व्यक्तिले या त आवश्यक उपस्थिति संख्या पूरा नहुन्जेलसम्म सभाको कार्यवाही रोकिदिनेछ, अथवा सभालाई स्थगित नै गरिदिनछ।

## सदस्यहरूको विशेषाधिकार

५२. वाक्स्वतन्त्रता :— (१) यस ऐनको तथा सभाको कार्यबिधिको नियमहरूको भित्र सभामा वाक्स्वतन्त्रता रहनेछ।

(२) सभामा, अथवा सभाको कुनै समितिमा भनेको कुनै कुरा अथवा दिइएको कुनै मतको सम्बन्धमा, सभाको कुनै सदस्यको विरुद्ध कुनै न्यायालयमा पनि केही कार्यवाही चल्न सक्दैन, न कुनै व्यक्तिको विरुद्धमा सभाको अधिकृत

द्वारा अथवा सभाको अधीन रही कुनै रिपोर्ट, पत्र, मत तथा कार्यवाहीको प्रकाशन गरेको सम्बन्धमा नै यस प्रकारको कुनै कार्यवाही चल्न सक्नेछ।

## सल्लाहकार सभाको शक्ति

५३. छलफल अपवाद :— सल्लाहकार सभाले, निम्नलिखित कुराहरू बाहेक सरकारको व्यवस्थापक तथा कार्यकारिणी कृत्यहरूसँग सम्बन्धित कुनै विषयमाथि पनि छलफल गर्न सक्नेछ:—

(१) यस्ता कुराहरू जसमाथि छलफल गर्दा नेपाल सरकारको कुनै विदेशी राष्ट्रसँगको मैत्रीपूर्ण सम्बन्धमा खलल पर्न सक्नेछ।

(२) श्री ५ महाराजाधिराज तथा मौसुफको परिवारका सदस्यहरूको व्यक्तिगत आचरणसम्बन्धी कुराहरू।

(३) यस्ता कुराहरू जसलाई प्रकट गर्दा सार्वजनिक अहित हुन जाने सम्भावना हुन्छ, जस्तै कि सैन्यदलको गठन तथा गतिविधि।

(४) कुनै मन्त्री अथवा सम्पूर्ण मन्त्रिमण्डलमाथि अविश्वासको प्रस्ताव।

५४. विधेयकहरूमा मत लिने:— सल्लाहकार सभामा छलफल नगराई तथा मत नलिई, कुनै पनि कानून श्री ५ महाराजाधिराजको स्वीकृतिको निमित्त मौसुफमा पेश गर्न सकिनेछैन।

५५. प्रश्न:— सल्लाहकार सभाको कुनै सदस्यले पनि दफा ५३ मा लेखिएका कुराहरू बाहेक, सरकारको व्यवस्थापक तथा कार्यकारिणी कृत्यहरूसँग सम्बन्धित अरू कुनै विषयको बारेमा पनि प्रश्न सोध्न पाउनेछ।

५६. गैर सरकारी विधेयक तथा प्रस्ताव:— सभाको कुनै सदस्यले पनि अध्यक्षको अनुज्ञा लिई तथा सभाको कार्यविधिको नियमानुसार चली, सभाको विचारार्थ, कुनै विषयमा प्रस्ताव प्रस्तुत गर्न सक्नेछ।

५७. श्री ५ महाराजाधिराजबाट अनुमती दिन अस्वीकृत गर्न सक :— श्री ५ महाराजाधिराजले आफ्नो विवेकले, सभाद्वारा पास गरिएको कुनै विध

प्रस्तावलाई आफ्नो अनुमती दिन अस्वीकार गर्न सक्बिक्सनेछ। अथवा आफूले उचित सम्झिबक्सेको हेरफेर तथा संशोधनसहित सभाका पुनः विचारार्थ, फर्काइदिन सक्बिक्सिनेछ।

५८. श्री ५ महाराजाधिराजबाट प्रमाणीकरणः— सभाले यदि कुनै सरकारी बिल या प्रस्तावलाई अस्वीकार गर्दछ अथवा श्री ५ महाराजाधिराजद्वारा प्रस्तावित हेरफेर तथा संशोधनलाई स्वीकार गर्दैन, र यदि श्री ५ महाराजाधिराजले सो बिल, प्रस्ताव, हेरफेर तथा संशोधनलाई पास गर्नु सार्वजनिक हितको दृष्टिले उचित सम्झिबक्सिन्छ भने मौसूफले सो बिल, प्रस्ताव, हेरफेर तथा संशोधनलाई सभाले पास गरेको प्रमाणित गर्न सक्बिक्सनेछ।

५९. नियम बनाउनेः— श्री ५ महाराजाधिराजले यस ऐनका दफाहरूको अधीन रही, सभाको कार्यविधि तथा कार्यसञ्चालनको सम्बन्धमा नियमहरू बनाउन सक्बिक्सिनेछ।

## परिच्छेद ५— नेपालका नियन्त्रक (कन्ट्रोलर) महालेखापरीक्षक (अडिटर जनरल)

६०. नियुक्तिः— (१) नेपालमा एक नियन्त्रक—'महालेखा परीक्षक' रहनेछन्, जसलाई सरकारबाट भर्ना गर्नेछ।

तलबः— (२) नियन्त्रक महालेखा परीक्षकको तलब र नोकरीको अरू शर्त, प्रधानन्यायालयका न्यायाधीशसरह हुनेछ।

६१. स्याहा स्रेस्ताको रूपः— नेपाल सरकारको स्याहा स्रेस्ता, हरहिसाब श्री ५ महाराजाधिराजको स्वीकृतिसहित नियन्त्रक महालेखा परिक्षकले तोकेको रूपमा राखिनेछ।

६२. रिपोर्टहरूः— नेपाल सरकारको स्याहास्रेस्ता हरहिसाबसम्बन्धी नियन्त्रक महालेखा परीक्षकको रिपोर्ट श्री ५ महाराजाधिराजका हजुरमा पेश गर्नुपर्छ।

## भाग ४

६३. मुलुकी ऐन अभिलेष (रेकर्ड) र न्याय सम्बन्धी कारवाई :– (१) मुलुकी ऐन. अभिलेख (रेकर्ड) र न्यायसम्बन्धी कारवाईलाई नेपालभर मुलुकमा पूर्ण विश्वास र सम्मान दिइनेछ।

(२) नेपालका अदालतहरूले गरेका अन्तिम फैसला वा आदेश ऐनबमोजिम नेपाल भर मुलुकमा जहाँसुकै पनि कार्यान्वित हुनेछ।

## भाग ५

६४. पब्लिक सर्भिस कमिशनः— नेपालको निमित्त एक पब्लिक सर्भिस कमिशन (लोकसेवायोग) रहनेछ। त्यसमा एक सभापति र श्री ५ महाराजाधिराजबाट तोकिबक्सेका जति अरू सदस्य रहनेछन्।

६५. नियुक्ति— सरकारबाट पब्लिक सर्भिस कमिशनका सभापति र अरू सदस्यहरू भर्ना गर्नेछ।

६६. तलब र नोकरीका शर्तहरूः— पब्लिक सर्भिस कमिशनका सभापति र सदस्यहरूको तलब र नोकरीका शर्तहरू प्रधान न्यायालयका न्यायधीशहरू सरह हुनेछन्।

६७. कर्तव्यः— १) नेपाल सरकारका सबै जागीरदारमा भर्नाका निमित्त जाँच गर्नु पब्लिक सर्भिस कमिशनको कर्तव्य हुनेछ।

(२) देहायका विषयमा पब्लिक सर्भिस कमिशनको सल्लाह लिनुपर्नेछः—

(क) निजामती दर्जा र नोकरीमा भर्ना गर्ने तरिका सम्बन्धी सबै विषयहरूमा।

(ख) निजामती नोकरी र पदहरूमा नियुक्ति गर्ने र सरुवा बढुवा गर्ने सिद्धान्तमा र उक्त नियुक्ति र सरुवा बढुवासम्बन्धी उमेदवारको योग्यताको विषयमा।

(ग) नेपाल सरकारको निजामती जागीरदारको अनुशासनसम्बन्धी सबै विषय र यससम्बन्धी स्मृतिपत्र, विन्तिपत्र, उजुरी वा निवेदनपत्रसमेत सबै विषयमा ।

र सर सल्लाहको निमित्त पेश गरिएको र श्री ५ महाराजाधिराजबाट सल्लाह मागिबक्सेको जुनसुकै विषयमा सल्लाह दिने काम पब्लिक सर्भिस कमिशनको हुनेछ ।

तर श्री ५ महाराजाधिराजबाट यस विषयमा साधारण तवरसँग वा विशेषतः अमुक विषयहरु वा अमुक परिस्थितिमा पब्लिक सर्भिस कमिशनसँग सल्लाह लिन आवश्यक छैन भनी नियमद्वारा तोकिबक्सेमा सोबमोजिम हुनेछ ।

## भाग ६

## निर्वाचन ( चुनाउ )

१८. निर्वाचनको काम चाँडो गराउने:— नेपालको निमित्त एक विधान बनाउने विधानपरिषद्को निर्वाचन गर्नालाई सकेसम्म चाँडै उचित परिस्थिति सिर्जना गर्नु अन्तरीम सरकारको ध्येय हुनेछ।

१९. कमीशन (आयोग):— (१) निर्वाचनको निमित्त मताधिकारीहरूको नामावली तयार गर्ने कामको रेख देख, नियन्त्रण र निर्देश गर्ने, निर्वाचन गराउने, निर्वाचनसम्बन्धी शंका र मुद्दा हेर्ने, निर्वाचन अदालत नियुक्त गर्ने अधिकार दिई एक आयोग खडा गरिनेछ (जसलाई यस ऐनमा निर्वाचन आयोग भनिएको छ

(२) निर्वाचन आयोगमा एक प्रधान निर्वाचन अफिसर र श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलको सल्लाहअनुसार समय समयमा तोकिबक्सेबमोजिमको अरू निर्वाचन अफिसरहरू हुनेछन् । प्रधान निर्वाचन अफिसर र अरू निर्वाचनअफिसरहरू श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलको सल्लाहअनुसार नियुक्त गरिबक्सनेछ ।

(३) निर्वाचन अफिसरहरूको नोकरीको म्याद र शर्तहरू श्री ५ महाराजाधिराजबाट तयार गराइबक्सेको नियमबमोजिम हुनेछ ।

तर प्रधान निर्वाचन अफिसर र अरू निर्वाचन अफिसरहरू प्रधान न्यायालयका न्यायाधीश जुन अवस्थामा र जुन रीतले खारिज हुन्छन्, सोहीबमोजिम बाहेक खारीज हुनेछैनन् । भर्ना भएपछि निजहरूलाई मर्का पर्ने गरी निजहरूको नोकरीको शर्तहरू बदलिनेछैन ।

७०. सामान्य मताधिकारीको नामावलीः—यस निर्वाचनको निमित्त हरेक निर्वाचन क्षेत्रलाई एक सामान्य मताधिकारीको नामावली हुनेछ र धर्म, जाति, जात (वर्ण) लिंग इत्यादिको भेद भावमा कुनै मानिसको नाम उक्त नामावलिमा चढाउन नपाउने हुनेछैन ।

७१ वयस्क मताधिकारः— यो निर्वाचन वयस्क (बालिग) मताधिकारको आधारमा हुनेछ अर्थात् श्री ५ महाराजाधिराज र मन्त्र—मण्डलबाट तोकिएको मितिमा कमसेकम २१ वर्ष उमेर पुगेका र निर्वाचन नियम मुताबिक निर्वाचन क्षेत्रमा नबस्ने, मगज बिग्रेका, अपराधी वा गैर कानूनी अनाचार गरेबापत अयोग्य ठहरिएका बाहेक सबै नेपालका नागरिकको नाम सो नामावलीमा दर्ता गर्न योग्य हुनेछ ।

७२. (क) यस ऐनबमोजिम निर्वाचन क्षेत्रहरूको सीमाना तोक्ने कुनै ऐन वा नियम न्यायपूर्ण हो होइन भन्ने कुराको सवाल कुनै अदालतमा गर्न पाइनेछैन।

(ख) श्री ५ महाराजाधिराज र मन्त्रिमण्डलले बनाएको नियममा लेखिएको

कुनै कुरा पनि प्रत्यक्ष अथवा अप्रत्यक्ष रूपले सूचित अथवा प्रकट गर्दिन।

३. <u>सल्लाहकार सभाको सदस्यको निमित्त शपथको बेहोरा</u>

सल्लाहकार सभाको सदस्य मनोनीत भएको म (ईश्वरको नाउँमा शपथ लिन्छु / सत्यनिष्ठाले प्रतिज्ञान गर्दछु) कि म श्री ५ महाराजाधिराज र मौसूफको उत्तराधिकारीहरू प्रति तथा कानूनद्वारा स्थापित अन्तरीम विधानप्रति श्रद्धा र निष्ठा राख्नेछु र आफूले ग्रहण गर्न लागेको पदको कर्तव्यहरूको पालन श्रद्धापूर्वक गर्नेछु ।

# अन्तरीम शासन विधानको
# शुद्धाशुद्धि—पंजिका

| पृष्ठ नम्बर | दफा | उपदफा | पंक्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|---|---|
| ७ | २२ | ० | पाचौं | ती | तर |
| १० | ३१ | ३ | तेस्रो | उल्हिखित | उल्लिखित |
| १६ | ५१ | २ | दोस्रो | अन्न | अन्य |

## छुट भएको मिलाई पढ्ने

| | | | | |
|---|---|---|---|---|
| २० | ६७ | १(ग) | चौथा | "पेड़" भन्ने र "श्री ५" भन्ने शब्दको बिचमा "गरिएको १" भन्ने राखी पढ्ने। |
| " | " | " | पाचौं | "बक्सेको" भन्ने र "विषयमा" भन्ने शब्दको बिचमा "जुनसुकै" राख्ने। |

नेपाल